का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २४५

❒ ९ कात्तिक २०७८, मंगलबार

❒ 26 October 2021, Tuesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।

## न्याय सम्पादन प्रभावित

न्यायालय जोगाउन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले राजीनामा दिनुपर्ने माग बढेको छ भने सर्वोच्चकै न्यायाधीशहरुको असहयोग कायमै छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ८ कात्तिक ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले राजीनामा दिनुपर्ने माग बढिरहेका बेला सोमबार सर्वोच्च अदालतको न्यायिक सम्पादन प्रभावित बनेको छ । प्रधानन्यायाधीश जबराले सोमबार पूर्ण बैठक (फुलकोर्ट) बोलाएका थिए । तर सर्वोच्चमा उपलब्ध १४ न्यायाधीशले फुलकोर्टमा सहभागी नहुने निर्णय गरे । फुलकोर्टमा मात्रै नभएर सोमबार न्यायिक सम्पादको काम समेत रोकियो ।

"सर्वोच्च अदालतको नेतृत्वबाट सिर्जित विश्वासको संकटका कारण आज २०७८ साल कात्तिक ८ गते सर्वोच्च अदालतको न्याय सम्पादको कामकारवाही पूर्ण रुपमा ठप्प भई नागरिकको न्यायिक हक प्रचलनमा गम्भीर अवरोध सिर्जना भएको यस बारको ठहर छ", सर्वोच्च अदालत बार एशोसियशनद्वारा जारी बव्यक्तमा उल्लेख छ । प्रन्या जबराले न्यायिक विश्वासमा प्रश्न उठ्नेगरी कदम चालेको भन्दै चर्को आलोचना भइरहेको छ । एकपछि अर्को प्रश्न उठिरहेका बेला प्रन्या जबराले सोमबार फुलकोर्ट बोलाएका थिए ।

तर फुलकोर्ट मात्रै नभएर सोमबार न्यायिक सम्पादन प्रक्रिया समेत अवरुद्ध बनेको छ । प्रन्या जबराकै कारण न्यायिक सम्पादन रोकिने देखि न्यायाधीशहरुले समेत असहयोग गरिसकेका बेला अदालत बारले पनि राजीनामाको सुझाव दिएको छ । सोमबार बसेको बारको कार्यसमितिको बैठकले प्रधानन्यायाधीश जबराले राजीनामा दिनु उचित हुने निर्णय गरेको छ । "..न्यायपालिकालाई थप संकटबाट जोगाउन समुचित निकासका लागि मार्ग प्रशस्त गर्न सम्माननीय प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा समक्ष सर्वोच्च बार एशोसियशन जोडदार माग गर्दछ", अध्यक्ष ऋषिराम घिमिरेद्वारा जारी बक्तव्यमा उल्लेख छ ।

नेपाल बार एशोसियशनले पनि प्रन्या जबराको राजीनामा नै उपयुक्त विकल्प भएको निष्कर्ष निकालेको छ । कानुन व्यवसायीहरुको छाटा संस्था नेपाल बारको पदाधिकारी बैठकले प्रन्या जबराले राजीनामा

बाँकी पृष्ठ २ मा



> सर्वोच्च बार र नेपाल बार एशोसियशनले प्रन्या जबराको राजीनामा मागेका छन् भने न्यायाधीशहरुको असहयोग कायमै छ । चार जना पूर्वप्रधानन्यायाधीशहरु मीनबहादुर रायमाझी, अनुपराज शर्मा, कल्याण श्रेष्ठ र सुशीला कार्कीले पनि राजीनामा मागेका छन् ।

## निर्वाचन उन्मुख मुलुक !

निर्वाचन आयोगले राष्ट्रियसभा, प्रतिनिधिसभा र स्थानीय तहको निर्वाचनबारे छलफल अगाडि बढाएको छ । प्रतिनिधिसभा र प्रदेशसभामा रिक्त पदको उपनिर्वाचनबारे पनि सरकारको धारणा मागिएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ कात्तिक ।



निर्वाचन आयोगले राष्ट्रियसभा, प्रतिनिधिसभा र स्थानीय तहको निर्वाचनको छलफल अगाडि बढाएको छ। आयोगले प्रधानमन्त्री शेरबहादुर देउवासँग छलफल गर्दै निर्वाचनबारे छलफल अगाडि बढाएको हो । राष्ट्रियसभाका एक तिहाइ बढी सदस्यहरुको पदावधि आगामी २१ फागुनमा सकिदैछ ।

चार वर्षे कार्यकाल पूरा हुने भएपछि राष्ट्रियसभाको निर्वाचन गराउनुपर्नेछ । रिक्त हुने २० सांसदका लागि निर्वाचनको मितिबारे प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले प्रधानमन्त्रीसँग आग्रह गरेका थिए। प्रधानमन्त्री देउवाले राष्ट्रियसभाको निर्वाचनको मिति चाँडै तोकिने बताए । राष्ट्रियसभा सदस्यहरु समुनराज प्याकुरेल, परशुराम मेघी, कोमल वली, कविता बोगटी, चक्र स्नेही, नैनकला ओझा, रामलखन चमार, अगम वान्तवा राई, शशीकला दाहाल, दीनानाथ शर्मा, जीवन बुढा, खिमकुमार विक, ठगेन्द्रप्रसाद पुरी, शेरबहादुर कुँवर, उदया शर्मा पौडेल, शान्तिकुमारी अधिकारी, राधेश्याम अधिकारी, तारादेवी भट्ट र दृगनारायण पाण्डे पदमुक्त हुँदैछन् ।

चार वर्षे कार्यकालको चिठ्ठा तानेका एक तिहाइ सांसदहरुका लागि फेरि निर्वाचन गराउनुपर्ने भएको हो । यो सँगै आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको रिक्त पदबारे पनि छलफल गरेको छ । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को कलहका कारण पार्टी छिन्नभिन्न हुँदा प्रदेशसभाका १८ र प्रतिनिधिसभाका चार सांसद पदमुक्त भएका छन् । पदमुक्त भएपछि रिक्त स्थानमा उपनिर्वाचन गराउनेबारे आयोगले छलफल थालेको हो ।

प्रधानमन्त्री देउवाले भने दलहरुबीच छलफल गरेर विभिन्न निर्वाचनको मितिबारे निर्णय गरिने बताए । स्थानीय तहको आगामी निर्वाचन तथा प्रतिनिधिसभा र प्रदेशसभामा रिक्त सदस्यको उपनिर्वाचन भने सत्ता साझेदार र अन्य दलसगँको छलफलपछि मात्र निष्कर्षमा पुग्ने प्रधानमन्त्री देउवाको भनाइ थियो ।

"निर्वाचन प्रणालीमा सुधार र मतदाता नामावली दर्ता कार्यलाई प्रभावकारी बनाउन सरकारले सहयोग गर्ने छ" प्रधानमन्त्री देउवाले भने । प्रमुख निर्वाचन आयुक्त थपलिया सहितले विभिन्न निर्वाचनबारे छलफल गरेका थिए। आयोगले आगामी चैतभित्रै स्थानीय तहको निर्वाचन गराउनुपर्ने जानकारी पनि प्रधानमन्त्री समक्ष राखेका छन् ।

गएको २०७४ मा तीनै तहको निर्वाचन भएको थियो । २०७४ वैशाख, असार र असोजगरी तीन चरणमा ७५३ स्थानीय तहको निर्वाचन भएको थियो । यसपछि २०७४ मंसिर १० र २१ गते प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन भएको थियो । अर्थात् आगामी एक वर्षभित्रै सबै तहको निर्वाचन गरिसक्नुपर्नेछ ।

प्रधानमन्त्री देउवाले त तीनै तहको निर्वाचन एकैपटक गर्नेगरी छलफल गर्न सकिने समेत यसअघि बताएका थिए। तर त्यसरी एकैपटक निर्वाचन गराउन प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन भने 'अर्ली इलेक्सन' हुनेछ । तर अघिल्ला प्रधानमन्त्री केपी शर्मा ओलीले दुई पटक गरेको संसद् विघटन विरुद्ध सडक विद्रोह समेत गरेकाले संसद् पूरा कार्यकाल चलाउनुपर्ने सत्ता गठबन्धनका नेताहरुले बताउँदै आएका छन् ।

## हाउजिङ क्षेत्रमा चिनियाँ लगानीको प्रवेश



**राजेश केसी/मध्यान्ह**
काठमाडौं ८ कात्तिक ।

नेपालका हाउजिङ कम्पनीहरु नै आफूले निर्माण गरेका घर र फल्याटहरु विक्री नभएर छटपटाइरहेको बेला हाउजजिङ उद्योगमा चिनिया लगानी भित्रिने निश्चित भएको छ । चिनियाँ व्यावसायी यीङ हु सुआनको नेतृत्वमा चिनियाँ व्यावसायीहरुले ६ अर्ब लगानी सहितको कम्पनी खोल्न लगानी बोर्डले स्विकृति प्रदान गरेको छ ।

केही नेपाली साझेदारहरु सहित २० जनाको लगानी रहने उक्त कम्पनीले मुख्य गरि हाउजिङ क्षेत्रमा लगानी गर्ने र केही लगानी कृषि सहितका घरेलु उद्योगहरुमा पनि गरिने बताइएको छ। कम्पनीले ठूला लगानीका भन्दा पनि मध्यम वर्गिय परिवारलाई लक्षित गरि हाउजिङ प्रोजेक्टहरु संचालन गर्ने भएको छ । कम्पनीले देशका बजारको संभावना अनुसार सातै प्रदेशमा विभिन्न क्षेत्रमा लगानी गर्ने भएको छ।

स्मरणरहोस यीङ हु सुआनले करिब २ वर्षको संघर्षपछि नेपालमा लगानीको लागि कम्पनी खोल्ने अनुमति पाएका हुन् । उनले कम्पनी खोल्नको लागि उद्योग विभागमा करिब २ वर्षअघि निवेदन दिएका थिए । तर, उद्योग विभागका केही अधिकारीहरुले लामो समयसम्म केही नभनी आफूलाई झुलाएको र आफूले बारम्बार ताकेता गरेपछि

बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगारमा जाने बढ्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ कात्तिक

चालू आर्थिक वर्षको दुई महिनाको अवधिमा ६१ हजार नेपाली कामदारले वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएका छन् । नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको प्रतिवेदनमा संस्थागत अर्थात म्यानपावर कम्पनीमार्फत व्यक्तिगत-नयाँ र वैधानिकीकरण भई अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या ३८ हजार ४ सय ९२ र पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको संख्या २२ हजार ९ सय ७६ पुगेको बताएको छ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः ९९.२ र ८६.५ प्रतिशतले घटेको भन्दै बैंकले हाल संस्थागत तथा पुनः श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने क्रममा उल्लेख्य रुपमा वृद्धि भएको बताएको छ ।

वैदेशिक रोजगार व्यवसायीहरूले श्रम गन्तव्य मुलुकहरूबाट नेपाली कामदारका लागि डिमाण्ड रहे पनि नेपाली दूतावासहरूले मागपत्र प्रमाणीकरणमा ढिला गर्ने गरेका कारण रोजगारीमा पठाउने क्रमले तिव्रता पाउन नसकेको बताएका छन् । यूएईमा रहेको दूतावासले प्रमाणीकरणका लागि पेश गरेका मागपत्रमा आफुखुशी कोटा तोकेर प्रमाणीकरण गर्ने, साउदीस्थित नेपाली दूतावासले प्रमाणीकरण नै ढिला गर्ने तथा युरोपेली मुलुकमा रहेका दूतावासहरूले जनशक्तिको अभाव देखाएर डिमाण्ड प्रमाणीकरण नगर्ने व्यवसायीहरूको भनाइ छ ।




युरोपेली देशमा रहेको डिमाण्ड प्रमाणीकरणको समस्याका बारेमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठले परराष्ट्रमन्त्री डा.नारायण खड्कासँग छलफल गरेको बताइएको छ ।

वैदेशिक रोजगारमा जाने कामदारको संख्यामा केही वृद्धि भएपनि नेपाल आउने रेमिट्यान्स घटेको राष्ट्र बैंकले जनाएको छ। समीक्षा अवधिमा विप्रेषण आप्रवाह भने ६.३ प्रतिशतले कमी आएको भन्दै बैंकले १ खर्ब ५५ अर्ब ३७ करोड रुपैयाँ कायम भएको बताएको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ८.१ प्रतिशतले बढेको भन्दै राष्ट्र बैंकले अमेरिकी डलरमा विप्रेषण आप्रवाह ५.८ प्रतिशतले कमी आई १ अर्ब ३१ करोड रहेको बताएको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह २.६ प्रतिशतले बढेको थियो । चालू आर्थिक वर्षको पहिलो साउन महिनामा रेमिट्यान्स १८ प्रतिशतले घटेको थियो ।

## कहाँ गयो अर्बौं रकम ?

**विभा शर्मा/मध्यान्ह**
काठमाडौं ८ कात्तिक ।

अपराध अनुसन्धानमा सबैभन्दा दक्ष मानिएका नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो (सीआईबी) का विभिन्न तहका ५० जना अधिकारीहरु अहिले सिभिल सहकारीको ठगी प्रकरण टुंग्याउनको खटिएका छन् । उनीहरुले जति छानबिनको दायरा बढाउदै गयो, यो ठगी प्रकरण उति जेलिदै जान थालेपछि अनुसन्धानमा संलग्न प्रहरी अधिकृतहरु नै रनभुल्लमा पर्न थालेका छन् ।

सिभिल सहकारीका संस्थापक अध्यक्ष इच्छाराज तामाङ सहित १२ जना असोज १९ गते पक्राउ परेका थिए । त्यसयता अहिलेसम्म ११ सय २६ जनाले आफूहरुको रकम हिनामिना भएकोभन्दै सीआईबीमा उजुरी दिइसकेका छन् । उनीहरुको माग वमोजिमको विगो नै ४ अर्ब ६१ करोड रुपैयाँभन्दा बढी छ ।

अहिलेसम्मको अनुसन्धान र तामाङ लगायतका पक्राउ परेका व्यक्तिहरुको बयानको आधारमा सीआईबी सिभिल सहकारीमा जम्मा भएको रकम सिभिल होम्स लगायतका कम्पनीमा लगानी गरेको निष्कर्षमा पुगेको छ । सिभिल होम्ससहित तामाङ र उनका नजिकका व्यक्तिले स्थापना गरेका विभिन्न २२ कम्पनीमा सिभिल सहकारीको रकम लगानी गरेको पुष्टि भए पनि सिभिल होम्सका घरहरु विक्री गरेर आएको पैसा कहाँ गयो ? सिआईवीले अहिलेसम्म पत्ता लगाउन सकेको छैन ।

त्यो पत्ता लगाउनको लागि सिआईबीले नेपाल राष्ट्र बैंक, सम्पत्ती शुद्धिकरण विभागलगायत सरोकारवाला निकायसंग पटक पटक छलफल गरिसकेको छ । तर, उसले त्यसको जवाफ पाउन सकेको छैन । तामाङले सुन्धारामा ६ रोपनी जमीनमा बनाएको सिटिसी मललाई दुई



वर्ष अघि १ अर्ब ३० करोड रुपैयाँ अजय सुमार्गीलाई बिक्री गरेका थिए । बजार मूल्य भन्दा निकै सस्तो मूल्यमा बिक्री गरेका त्यो पैसा पनि तामाङले कहाँ कसरी खर्च गरे भन्ने प्रहरीका अनुसन्धान अधिकारीहरुले अहिलेसम्म भेउ पाउन सकेका छैनन् । तामाङले भने बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न नै त्यो रकम खर्च गरेको बयान दिएका छन् । तर, उनले त्यत्रो रकम कुन कुन वैंकलाई वा अरु कुन पार्टीलाई भुक्तानी गरेको भन्ने बारे स्पष्ट बताएका छैनन् । उनले गोलमटोल जवाफ दिइरहेकाले अनुसन्धान अधिकृतहरु नै अन्योलमा परेका छन् ।

उनले सितापाइला, धापाखेल, जोरपाटीलगायतका विभिन्न स्थानमा सिभिल होम्सका हाउजिङ निर्माण गरेर अर्बौरुपमा बिक्री गरेका थिए । धापाखेलको निर्माण पुरा भए पनि जोरपाटी र सितापाइलाको हाउजिङ भने अझैपनि निर्माण कार्य पुरा हुन सकेको छैन । तर, उनले ती हाउजिङको बुकिङ भन्दै ३० प्रतिशतभन्दा बढी रकम उठाइसकेका थिए । अर्बौंको त्यो रकममध्ये केही वैंक तथा वित्तीय संस्थाको किस्ता तिर्न र केही रकम हाउजिङका समान खरिद गर्न खर्च गरे पनि धेरैजसो रकम भने उनले अन्यत्रै लगेको देखिएको छ । तर, कहां लगे त्यसको जवाफ पनि अनुसन्धानकर्ताहरुले पाउन सकेका छैनन् ।

त्यहीकारण अहिले प्रहरीले तामाङविरुद्ध सम्पत्ति शुद्धिकरणको मुद्दा पनि लगाउने तयारी गरिरहेको छ । तामाङले हाउजिङ बिक्री र सहकारीबाट निकालेको अर्बौं रकम खर्च भएको स्रोत नदेखाएकोले कतै उनले विदेश लगेका त होइनन् भन्ने आधारमा उनी माथि सम्पत्ति शुद्धिकरणको विषयमा पनि छानबिन शुरु भएको सम्बद्ध अधिकारीहरुको भनाइ छ । ठगी मुद्धामा छानबिनको लागि अदालतबाट आफूले मागे जति समय नपाएमा सम्पत्ती शुद्धिकरणको मुद्धा लगाएर उनीमाथि थप छानबिन गर्ने प्रहरीको तयारी छ ।

'आर्थिक अपराधका घटना धेरै हुन्छन् । तर, यति साह्रै गिजोलिएका घटना भने निकै कम हुन्छन् । यो घटना त यति रहस्यमय छ कि यसको चुरो पत्ता लगाउन नै हामीलाई हम्मे हम्मे परिरहेको छ । यो केवल सहकारीको

बाँकी पृष्ठ २ मा

# सुधिँदै नुवाकोटको त्रिशुली अस्पताल

**दिवस ढकाल/मध्यान्ह**
नुवाकोट, ८ कात्तिक

नुवाकोटको त्रिशुली अस्पताल फेरिँदै गएको छ। जसका कारण अस्पतालमा उपचारका लागि निकै सहज भएको छ। तत्कालिन जिल्ला अस्पताल रहेको त्रिशुली अस्पताल देश संघीय संरचनामा गएसँगै प्रदेशको मातहतमा आएको छ। जिल्ला अस्पतालबाट प्रदेशको मातहतमा आएसँगै सेवा र काम पनि सेवाग्राहीले अनुभव गर्ने गरी फेरिएको छ।

बिरामीहरू पनि अस्पतालको सेवाबाट खुसी छन्। ३ जिल्लाका दैनिक तीन सयदेखि चार सयभन्दा बढी बिरामी अस्पताल पुग्ने गरेका छन्। नुवाकोट, रसुवा र धादिङको दिनहुँ तीन सयदेखि चार सयसम्म बिरामी पुग्छन्। अहिले अस्पतालको भिड थेग्न नसकेर सेवालाई निरन्तर बढाउँदै गएको छ।

थपिएका नयाँ भवनपछि सेवा सुविधा थपिएपनि कर्मचारी अभावका कारण उपचारमा कहिलेकाहीँ समस्या हुने गरेको अस्पताल प्रशासनको भनाइ छ। हाल अस्पतालको सेवाहरुमा थप गरिएको छ। इको कार्डियोग्राफी (म्युचल भिडियो एक्सरे), इण्डोस्कोपी, सी एआरएम मेसिनको सहयोगमा रोग पत्ता लगाई सेवा प्रदान गर्न थालिएको छ। हाल अस्पतालमा राखिएको हड्डी मर्किएको पट्टी लगाउने डीइएक्सए मेसिन नेपालका सरकारी अस्पतालहरु नुवाकोटको त्रिशुली अस्पतालमा बाहेक काठमाडौंको ट्रमा सेन्टर र भेरी अञ्चल अस्पतालमा मात्र रहेको छ। अहिले नुवाकोटको त्रिशुली अस्पताल आफैंले अक्सिजन उत्पादन गरेर बिक्री वितरणसमेत गर्न थालिसकेको छ। अस्पताल आफैंले अक्सिजन उत्पादन गर्न थालेपछि अक्सिजन लगाउनुपर्ने बिरामीहरुलाई धेरै सहज भएको सेवाग्राहीहरू बताउँछन्।



हाल २० वेडको आइसीयू/एचडीयू सञ्चालन गरेको अस्पतालले आगामी केही दिनभित्र ५ वेडको बाल आइसीयू सञ्चालन हुने बताएको छ। आफ्नो सेवामा निरन्तर विस्तार गर्दै गएको त्रिशुली अस्पतालले दुर्बिनको सहयोगमा शल्यक्रिया गर्ने प्रविधि ल्याप्रोस्कोपी सर्जरीको सेवा विस्तार गर्न लागेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.दिपेन्द्र पाण्डेले जानकारी दिए।

नुवाकोट विदुर नगरपालिका - ५ घर भएका एक व्यक्तिले आफू नियमित स्वास्थ्य परीक्षणको लागि त्रिशुली अस्पताल नै जाने गरेको बताए। उनले भने, 'पहिले यो अस्पतालमा खुट्टा टेक्न पनि मन हुन्न थियो। बिरामी हुँदा सिँधै काठमाडौं जाने गरेको थिएँ। कहिल्यै आउने गरेको थिइन्। तर अहिले अस्पतालको स्वरूप फेरिएको छ। अस्पताल सफा छ, उपचार राम्रो हुने गरेको छ।' तर, त्रिशुली अस्पतालको सँधै एउटै समस्या, दरबन्दी अनुसार चिकित्सक छैनन्।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. पाण्डेले अस्पतालमा दरबन्दी अनुसार पुरा कर्मचारी नभएको बताए। उनले भने, 'इमरजेन्सी लगायत बहिरंग विभागमा आवश्यक डाक्टर छैनन्, जसले गर्दा सेवा प्रवाह प्रभावकारी बनाउन समस्या हुने गरेको छ। अस्पतालको सुविधा सम्पन भवन निर्माण भईसकेपनि कोठाहरू रित्तै देखिन्छन्।' अस्पतालको सेवासुविधा राम्रो बनाउन सबैभन्दा महत्वपूर्ण पक्ष भनेको दक्ष कर्मचारी नै हो, तर तिनै कर्मचारी अभावमा उपचार भनेजस्तो दिन असमर्थ रहेको उनको भनाइ छ।

**स्थायी दरबन्दी ५९, २३ जना मात्रै कार्यरत**

नेपालमा सात हजारको हाराहारीमा सरकारी अस्पताल छन्। देश संघीय संरचनामा गएपछि प्रदेश मातहतमा गएको नुवाकोट जिल्ला अस्पताल त्रिशुलीमा स्थायी ५९ जना कर्मचारीको दरबन्दी रहेको छ। तर, अस्पतालमा भने २३ जना मात्रै कार्यरत छन्। समायोजनपछि सरकारले अस्पतालमा छुट्याएको विषेशज्ञ डक्टरहरूमा एक जना पनि अस्पतालमा छैनन्। वास्तवमै भन्नुपर्दा त्रिशुली अस्पतालमा एक जना पनि स्थायी विशेषज्ञ डाक्टर छैनन्।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.दिपेन्द्र पाण्डे पनि अन्यत्र स्थायी दरबन्दी भएपनि काजमा त्रिशुली अस्पतालमा कार्यरत छन्। नेपाल सरकारको दरबन्दी अनुसार कर्मचारी नभएपछि अस्पताल आफैंले आफ्नो आन्तरिक स्रोत र व्यवस्थापनमा १ सय ७७ जना कर्मचारी राखेर सेवा प्रवाह गरिरहेको अस्पतालका सूचना अधिकारीले जानकारी दिए। अस्पतालमा कर्मचारी र विषेशज्ञ डाक्टर अभावको कुरा केन्द्र र प्रदेश सरकारमा जानकारी गराइएकोले आशावादी रहेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष अर्जुन न्यौपानेले बताए। नुवाकोटको त्रिशुली अस्पतालमा सेवा सुधार हुँदै छ। तर विषेशज्ञ नहुँदा भनेजस्तो उपचार पाइएको छैन्। राजधानी लगायत देशका अन्य ठूला अस्पतालमा दिने सेवा सुविधा उपलब्ध भएपनि कर्मचारी र विषेशज्ञ डाक्टरको अभावमा उपचारमा कठिनाइ हुने गरेको छ।

# एमालेका पालिकास्तरमा आज अधिवेशन

**काठमाडौं/मस**-नेकपा (एमाले)ले आज देशभरका स्थानीय पालिका स्तरका कमिटीको अधिवेशन गराउँदैछ। सो पार्टीको दसौं राष्ट्रिय महाधिवेशनको पूर्वसन्ध्यामा ७५३ पालिकास्तरमा अधिवेशन हुन लागेको हो। विशेष क्षेत्रअन्तर्गतका इलाकाको पनि एकैसाथ अधिवेशन हुनेछ। अधिवेशनको पार्टीका अध्यक्ष केपी शर्मा ओलीले पार्टीको केन्द्रीय कार्यालय, थापाथलीको वार रुमबाट दिउँसो १ बजे भर्चुअल माध्यमबाट उद्घाटन गर्ने कार्यक्रम रहेको एमाले केन्द्रीय कार्यालयका सचिव शेरबहादुर तामाङले जानकारी दिए। सोका लागि प्राविधिकलगायत तयारी पूरा भएको बताए।




यसअघि यही कात्तिक ६ गते सबै वडास्तरमा अधिवेशन तय गरिएकामा अधिकांश वडामा सम्पन्न भएको छ भने बाढी पहिरो प्रभावित केही स्थानमा स्थगन भएको छ। पार्टीको नयाँ विधानबमोजिम गाउँ/नगरपालिकामा ७५, उपमहानगरपालिकामा ८५ र महानगरपालिका एक सय एक सदस्यीय कार्यसमिति निर्वाचित हुनेछ। एमालेले महाधिवेशनमा सहभागी हुने प्रतिनिधिको मापदण्ड तय गर्न सो पार्टीले यही कात्तिक ११ गते स्थायी कमिटी र १२ गते केन्द्रीय कमिटीको बैठक बोलाएको छ। आगामी मङ्सिर १० देखि १२ गतेसम्म एमालेको दसौं महाधिवेशन वाग्मती प्रदेशको चितवनमा हुनेछ। विसं २०७७ चैत मसान्तसम्म पार्टी सदस्य भएकालाई महाधिवेशन प्रतिनिधि बन्न योग्य बनाइएको छ।

# नगर प्रमुखलाई इन्सेकले बुझायो ज्ञापनपत्र

**भक्तपुर/मस**-अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) वाग्मती प्रदेश अन्तर्गतको मानवअधिकार समूहको नगरस्तरीय मानव अधिकार समूहले शिक्षा, स्वास्थ्य, आवास तथा खाद्य अधिकार सुनिश्चितताको माग गर्दै आज चाँगुनारायण नगरपालिकालाई ज्ञापनपत्र बुझाएको छ।



समूहका संयोजक बच्चुराम न्यौपानेको नेतृत्वमा आएको टोलीले प्रमुख सोमप्रसाद मिश्रलाई बुझाएको ज्ञापनपत्रमा नगरपालिकाका नागरिकमा शिक्षा, स्वास्थ्य, खाद्य र आवासमा देखापरेको समस्या पहिचान गर्दै समाधानका लागि ज्ञापनपत्र बुझाएको हो।


शिक्षामा विषयगत शिक्षकको पदपूर्ति गर्न, स्थानीय पाठ्यक्रममा बाल तथा मानवअधिकारसम्बन्धी विषय समावेश गर्न, विद्यालयको निरन्तर अनुगमन गर्न, शैक्षिक सुधारका लागि योजना बनाउन, सबै विद्यार्थीमा प्राविधिक शिक्षाको पहुँच पुऱ्याउन, सामुदायिक विद्यालयका विद्यार्थीमा अनलाइन कक्षाको पहुँच पुऱ्याउन, अपाङ्मैत्री शौचालयलगायत माग राखिएको छ। स्थानीय क्षेत्रमा रहेको स्वास्थ्य समस्या हटाउन, म्याद गुज्रेका दैनिक औषधि बिक्री रोक्न, कोभिड-१९ को महामारीमा स्वास्थ्य केन्द्रमा भएको लापर्वाही र निःशुल्क पाइने औषधि अभाव अब हुन नदिन, निःशुल्क पाइने औषधिको नामावली सार्वजनिक स्थानमा राख्न, एम्बुलेन्ससेवा सबै वडाबाट सञ्चालन गर्न, आवश्यकतानुसार स्वयम्सेवक परिचालन गर्न केन्द्रमा प्रसूति सेवा विस्तार थर्न र समुदायमा सञ्चालित स्वास्थ्य सेवाबार जानकारी गराउन माग गरिएको छ। खाद्य वस्तुको गुणस्तर जाँच गर्न, बजार अनुगमन गरी म्याद गुज्रेका, तौल नपुगेका र महँगोमा सामान बेच्नेलाई कारबाही गर्न, कृषि भूमिको माटो परीक्षण गरी जग्गा खाली राख्नेलाई कारबाही गर्न र राम्रा कृषकलाई प्रोत्साहन एवं अनुदानका कार्यक्रम ल्याउन पनि जोड दिइएको छ भूमिहीन भूकम्प पीडितको समस्या समाधान गर्न आवासविहिनलाई बसोबासको व्यवस्था गर्ने लगायत विषयमा ज्ञापनपत्रमा जोड दिइएको छ। संयोजक न्यौपानेसहित समूहका सदस्य प्रल्हादप्रसाद वन, रामगोपाल श्रेष्ठ, राजेश शाही ठकुरी, रामबहादुर श्रेष्ठलगायत टोलीमा सहभागी थिए।

# गाउँ फर्किने नागरिकलाई एक लाख अनुदान

**तनहुँ/मस**-तनहुँको ऋषिङ गाउँपालिका कार्यालयले गाउँ फर्क अभियानअन्तर्गत एक लाख रुपैँया अनुदान दिने भएको छ। जग्गाविहीन नागरिकलाई गाउँमा फर्किनका लागि आकर्षण गर्ने उद्देश्यले आवास निर्माणका लागि उक्त रकम दिने निर्णय गरेको हो।

गाउँपालिका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठको अध्यक्षतामा आज बसेको कार्यपालिका बैठकले उक्त निर्णय गरेको हो।

ऋषिङ फर्क अभियानअन्तर्गत जग्गाविहीन स्थानीयवासीलाई आवास निर्माणका लागि उक्त रकम अनुदान दिन सूचना प्रकाशित गर्ने




निर्णय गरेको छ। गत असार र साउन महिनामा परेको अविरल वर्षाका कारण बाढीपहिराका कारण बस्ती स्थानान्तरणमा क्षति भएका परिवारलाई आवश्यकता हेरी आवास निर्माणका लागि रु ६० हजारसम्म अनुदान दिने निर्णय गरेको छ।

बैठकले विद्यालयका इसिडी सहयोगी कार्यकर्ता र कार्यालय सहयोगीको न्यूनतम तलबमापन गर्ने शिक्षा समितिको प्रस्ताव सर्वसम्मत पारित गर्ने तथा संघीय सरकारले व्यवस्था गरेअनुरुप न्यूनतम तलबमापन गर्ने निर्णय गरेको छ।

# फेरी लगाउने काममा युवा पुस्ताको चासो घट्दो

**खोटाङ/रासस-** जिल्लाका घरघरमा पुगेर शान्तिको कामनासहित जोगीले फेरी लगाइहेका छन्। उनीहरुले फेरी लगाएमा घरको रक्षा हुने र भूत/प्रेत नआउने जनविश्वास यहाँ रहिआएको छ।

वर्षको दुई पटक उधौली र उभौलीअर्थात् कात्तिक र चैतमा जोगीले घरघरमा डुलेर रातभर मन्त्र जप्दै शंख (बराँठको सिङ) बजाएर फेरी लगाउने चलन छ। धार्मिक आस्थासँग जोडिएको फेरी लगाउने परम्परागत पेसालाई दिप्रुङ चुइचुम्मा गाउँपालिका-४ बतासेका १९ घर जोगी समुदायले लामो समयदेखि निरन्तरता दिँदै आएका छन्। फेरी लगाउने जोगीलाई फेरी लगाइएको घरधनीले चामल, धान, बेसार, तरकारी, नुन, तेल, घ्यूलगायत खाद्यान्न तथा पैसासमेत भिक्षा (दान) दिने चलन छ। रातका समयमा फेरी लगाउँदै गाउँ, सहर डुल्ने अनि उज्यालो भएपछि तिनै घरबाट अन्न, नुन, तेल र दक्षिणा संकलन गरी जोगी समुदायले आफ्नो जीविकोपार्जन गर्दै आएका छन्। फेरी लगाएर मन्त्र जाप गर्नाले घरमा सुख, शान्ति तथा समृद्धि छाउने जिल्लावासीमा जनविश्वास छ। बतासेका ६३ वर्षीय तीर्थबहादुर जोगी ४४ वर्षदेखि जिल्लाबासीको शान्तिको कामनासहित फेरी लगाउने पेशामा सक्रिय रहनुभएको छ। तीर्थबहादुरको दुई छोराहरु पनि यही पेसाअर्थात् फेरी लगाउने काम गर्छन्। उनीहरु फेरी लगाउन जिल्लाका विभिन्न स्थानीय तह तथा छिमेकी जिल्ला भोजपुर र उदयपुरको गाईघाट बजारसम्म पुग्ने गरेका छन्। तीर्थबहादुर बाउछोरा जस्तै बतासेका अन्य सबै १९ घरका जोगी समुदाय फेरी लगाउने पेसामै आबद्ध छन्। बतासेमा ती घरमध्ये भारती, गजुरनती र रिदनती थरका जोगी समुदायको बसोबास छ। बतासेका जोगी समुदायले आफूहरुलाई 'गुरु गोरखनाथ'को चेलाका रूपमा अन्य समुदायलाई चिनाउने गरेका छन्। तीर्थबहादुरको जेठा छोरा ३५ वर्षीय कैलाश जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजार तथा आसपासका क्षेत्र र कान्छा ३२ वर्षीय शंकर जोगी छिमेकी जिल्ला उदयपुरको गाईघाट पुगेर फेरी लगाइरहेका छन्।

ती समुदायले आफूहरुबीच भूगोलसमेत निर्धारण गरेका छन्। आफ्नो वंशले गर्दै आएको क्षेत्रमा सोही वंशका व्यक्तिले मात्र फेरी लगाउने चलन रहेको बतासेका ५० वर्षीय लाखबहादुर जोगीले जानकारी दिए। 'विसं २००७ देखि २०३७ सालसम्म ठेक्कामार्फत फेरी लगाउने चलन थियो', उनले भने, 'अहिले ठेक्का प्रणालीमार्फत फेरी लगाउने चलन हटेको छ। जोगी समुदायबीचमै आपसी समझदारीमा क्षेत्र निर्धारण गरेर फेरी लगाउने गरिएको छ।'

फेरी लगाएमा घरको रक्षा हुने, भूतपिचास नआउने जस्ता जनविश्वासका कारण आफूहरुलाई फोनमार्फत समेत स्थानीय बासिन्दाले आफ्नो गाउँ तथा घरमा आउन आग्रह गर्ने गरेको तीर्थबहादुरले बताए। 'धार्मिक आस्थासँगै जोडिएको फेरी लगाउने परम्परालाई वर्षौंदेखि हामीले निरन्तरता दिँदै आए पनि अहिलेसम्म राज्यको तर्फबाट भने कुनै संरक्षण तथा प्रवर्द्धनको काम भएको छैन', उनले भने, 'युवा पुस्ताले भने फेरी लगाउने पेसामा त्यति धेरै चासो देखाएका छैनन्। यसलाई संरक्षण र प्रवर्द्धन गर्न सम्बन्धित निकायले चासो दिनुपर्ने अवस्था आएको छ।'

युवा पुस्ताले चासो नदेखाएका कारण आफूहरुको पालापछि यो परम्परालाई कसले निरन्तरता देला भन्ने बतासेका जोगी समुदायका पुर्खालाई चिन्ता बढेको देखिएको छ। पछिल्लो समय युवापुस्ता वैदेशिक रोजगारीमा जान थालेपछि फेरी लगाउने पेसा संकटमा पर्ने सम्भावना बढ्दै गएको पाइएको छ। वैदेशिक रोजगारीका कारण युवापुस्ता विदेशिने क्रम बढेसँगै फेरी लगाएर वर्षभरि खान पुग्ने अन्नको जोहो गर्ने जोगी समुदायको पुर्ख्यौली पेशा सङ्कटमा पर्ने खतरा बढेको बतासेका वडाध्यक्ष लोकेन्द्र राईले बताए। 'बतासेका जोगी समुदायलाई राज्यको तर्फबाट अहिलेसम्म केही गर्न सकिएको छैन', उनले भने 'अहिले बतासेका नौ भाइ युवा विदेशमा छन्। फेरी लगाउँदाभन्दा विदेशमा राम्रो कमाइ हुने भएकाले अन्य युवा पनि विदेशिने सम्भावना बढेको छ।'

ती समुदायका हरेक पुरुष सदस्यले जीवनमा अनिवार्यरुपमा एक पटक फेरी लगाएर हिँड्नुपर्ने परम्परागत मान्यता रहेको बतासेकै ३१ वर्षीय धनकुमार जोगीले जानकारीदिए।

**कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना**

पहिलो पटक प्रकाशित मिति २०७८/०७/०९

[illegible]

## न्याय....

दिनुपर्ने निष्कर्ष निकालेको हो। अध्यक्ष चण्डेश्वर श्रेष्ठका अनुसार, प्रन्या जबराको राजीनामाले मात्रै न्यायलयको गतिरोध अन्त्य हुने निष्कर्ष बार बैठकले निकालेको छ।

बारले प्रन्याको राजीनामा माग्दै आन्दोलनको चेतावनी समेत दिदै आएको छ। बारका पदाधिकारीसँग प्रन्या जबराले आइतबार छलफल गरेका थिए। छलफलमा प्रन्या जबराले गोलाप्रथाबाट इजलास तोक्ने प्रतिबद्धता जनाएका थिए। सँगै बरिष्ठ अधिबक्ताको उपाधि वितरण गर्न र न्यायिक सुधारबारे छलफल गर्न भन्दै प्रन्या जबराले फुलकोर्ट बोलाएका थिए।

तर न्यायाधीशहरुको असहयोग पछि न्यायिक सम्पादनको कामकारबाही नै रोकिन पुग्यो। आइतबार प्रन्या जबरासँग छलफल गरेपनि न्यायाधीशहरु एक कदम अगाडि बढेपछि बार एशोसियशनले राजीनामा नै निष्कर्ष हुने निर्णय गरेको छ।

चार जना पूर्वप्रधानन्यायाधीशहरुले पनि प्रन्या जबराको राजीनामा मागेका छन्। बक्तव्य जारी गरेर पूर्व प्रधानन्यायाधीशहरु मीनबहादुर रायमाझी, अनुपराज शर्मा, कल्याण श्रेष्ठ र सुशीला कार्कीले पनि राजीनामा मागेका हुन्।

प्रन्या जबराको नेतृत्वमा न्यायिक विश्वास र गरिमामा आँच पुगेको भन्दै उनको आलोचना हुँदै आएको थियो। २२ असोजमा भएको मन्त्रिपरिषद् बिस्तारमा मन्त्री कोटा लिएपछि भने उनको राजीनामाकै माग आएको हो। गैरसांसद गजेन्द्र हमाल प्रन्या जबराकै कोटामा उद्योग मन्त्री बनेका थिए। प्रन्या जबराका नातेदार हमालले तीन दिनभित्रै राजीनामा दिएका थिए। हमालको राजीनामा आएपनि प्रन्या जबराको राजीनामाको माग चर्को स्वरमा उठेको छ।

अन्य मुद्दाहरुमा पनि न्यायिक विश्वास गुम्नेगरी प्रन्या जबरा प्रस्तुत भएको आरोप लागेको छ। अघिल्ला प्रधानमन्त्री केपी शर्मा ओलीसँग मिलेमतो गर्न थालेका प्रन्या जबराले प्रधानमन्त्री शेरबहादुर देउवासँग भने मन्त्री नै मागे। प्रन्या जबराले भने मन्त्री नमागेको प्रष्टिकरण दिएका छन्।

## कहाँ ....

ठगी मात्र होइन, सहकारीसँग सँगै अरु धेरैतिरको घटना जोडिएको छ।' एक अनुसन्धान अधिकारीले मध्यान्हसंग भने। उनका अनुसार छानबिनको क्रममा अरु केही प्रभावशाली व्यक्तिहरु पनि तानिएमा आश्चर्य हुने छैन।

सहकारी विभागले सहकारी ऐन २०७४ को दफा १२९ अनुसार पत्र पठाएपछि सीआईबी आफूलाई अनुसन्धान गर्न अनुकुल हुने ऐनको खोजीमा लाग्यो। किनभने सीआईबीले सहकारी ऐन २०७४ अनुसार अनुसन्धान गरी तामाङ सहित पक्राउ गरेकाहरुलाई कारबाही अघि बढाउन सक्ने अवस्था थिएन।

अहिलेसम्म सहकारी संस्थामा हुने गरेका आर्थिक अनियमितताका घटनालाई प्रहरीले ठगी अन्तरगत नै कारबाही गर्ने गरेको थियो। तर, सिभिल सहकारीको सन्दर्भमा भने सीआईबी सहकारी ऐनको दफा १२२ बाट पसेर मुलुकी अपराध संहिता ऐनका दफा २४९ हुँदै संगठित अपराध निवारण ऐन २०७० मा पुगेको छ।

स्मरणीय के छ भने ठगीको अनुसन्धान गर्नको लागि प्रहरीले बढीमा ३० दिनसम्म आरोपीलाई हिरासतमा राखेर अनुसन्धान गर्न पाउँछ। तर, संगठित अपराध गरेको आरोप लाग्नेहरुलाई प्रहरी ६० दिनसम्म हिरासतमा राखेर अनुसन्धान गर्न पाउँछ। त्यसैले अझै १ महिनाभन्दा लामो समय यो घटनाको छानबिनकै लागि बित्ने देखिन्छ।

तामाङ विरुद्ध सम्पत्ति शुद्धीकरणको आरोपमा परेको उजुरीमाथि अनुसन्धान पनि भइरहेको छ। यस्तै, सहकारी ऐन २०७४ को दफा १२२ अनुसारको कसुर वा मुलुकी अपराध संहित ऐनको दफा २४९ विरुद्धको कसुर गरेको अभियोग तामाङमाथि लागेमा उनको कसुर गम्भीर अपराध गरेको र संगठित अपराध निवारण ऐन अनुसार कारवाहीको माग सीआईबीले गर्न सक्नेछ।

सजाय के ?

तामाङ विरुद्ध सिआईबीले कस्तो अभियोगमा मुद्धा दायर गर्ला त्यो यकिन भएको छैन। तर, अहिलेसम्मको अनुसन्धानबाट सिआईबीका अधिकारीहरु उनी विरुद्ध संगठित अपराध र सम्पत्ती शुद्धिकरणको मुद्धा दायर गर्ने लगभग निश्चित छ। ती अभियोग प्रमाणित भएमा तामाङ १७ वर्ष भन्दा बढी जेल पर्ने र करोडौंको विगो भर्नु पर्ने हुन सक्छ।

## हाउजिङ....

घुस मागिएको भन्दै उनले सार्वजनिकरुपमै आपत्ति जनाएका थिए। साथै उनले आफ्नो कम्पनी दर्ता नगरिए घुस माग्ने कर्मचारीहरुको भण्डाफोर गरिदिने चेतावनी पनि दिएका थिए।

त्यस लगत्तै उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयले सहसचिव बलराम रिजालको नेतृत्वमा छानबिन समिति बनाएको थियो। तर, छानबिन समितिले अहिलेसम्म पनि रिपोर्ट तयार गरेको छैन।

लगानी वोर्डले भने यीङ हु सुआनको समुहले नयां इन्भेण्टमेण्ट कम्पनी खोल्नको लागि अनुमति माग गर्दै निवेदन दिए पनि त्यसबारेमा कानुन नभएकोले आफूले केही समय 'होल्ड' गरेको जानकारी दिएको छ। अहिले

विदेशी इन्भेष्टमेन्ट कम्पनी दर्ता गर्ने मापदण्ड बने लगत्तै उनीहरुको लगानी स्विकृत गरिएको जानकारी दिएको छ।

सरकारले करिब १५ महिना अगाडि गत वर्ष साउन १९ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरि विदेशी इन्भेष्टमेन्ट कम्पनीलाई सेवा उद्योगको रुपमा स्थापना गर्न सक्ने व्यवस्था गरेको जानकारी थियो। त्यसको केही समयपछि सुआनको समुहले लगानी वोर्डमा निवेदन दिएको थियो। त्यसैको आधारमा अहिले उनको समुहलाई अनुमति दिइएको हो।

सरकारी मापदण्ड अनुसार इन्भेष्टमेन्ट कम्पनी दर्ता गर्न न्यूनतम १ अर्ब नेपाली रुपैयाँ लगानी गर्ने भरपर्दो तथ्यसहितको प्रतिवद्धता गर्नु पर्छ।

कुनै पनि इन्भेष्टमेन्ट कम्पनी स्थापना गर्ने व्यक्तिले इन्भेष्टमेन्ट कम्पनीको रुपमा कम्पनीको रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौँमा दर्ता गरे पछि कम्पनीको इन्भेष्टमेन्ट सम्बन्धि कारोबार गर्न पूर्व ऐन बमोजिम सेवा उद्योग अन्तर्गत उद्योग विभागमा लगानी कम्पनीका रुपमा रुपमादर्ता गर्नुपर्छ।

साथै प्रचलित कानून बमोजिम कर दर्ता, व्यवसाय दर्ता, बैंक खाता सञ्चालनका लागि अनुमति लिनुपर्ने प्रावधान रहेको छ।



## टालटुले काम

नयाँबानेश्वर मीनभवन सडकखण्डको बीच भागमा परेको खाल्डो भर्न खटिएका सडक विभागका कर्मचारी । सडकको बीचभागमा अचानक खाल्डो हुँदा सोमबार यातायातसमेत केहिबेर अवरूद्ध भएको थियो ।

तस्बिरः रासस

## म सभापतिको स्वभाविक उम्मेदवार हुँ : पौडेल

**नेपालगञ्ज/मस**–कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पार्टीको १४ औं महाधिवेशनमा आफू सभापतिको स्वभाविक उम्मेदवार रहेको बताएका छन् ।

नेपाल प्रेस युनियन बाँकेले सोमबार बिहान नेपालगञ्जमा आयोजना गरेको पत्रकार भेटघाटमा उनले आफनो समूहबाट अन्य नेताले पनि आकांक्षा राखेको भए पनि अन्तिममा एउटै उम्मेदवारको टुंगो लगाइने स्पष्ट पारे । आफू १३ औं महाधिवेशनको पनि उम्मेदवार भएकाले यसपटक आफनो टिमबाट आफूलाई सबैले सर्वसम्मत उम्मेदवार बनाउने पौडेलले दाबी गरे ।

नेता पौडेलले गठबन्धनको नेतृत्व गर्दै सरकारमा सहभागी भए पनि आगामी निर्वाचन कांग्रेसले एक्लै लड्ने स्पष्ट पारे । पार्टी अधिवेशन अघि बढाउने विषयमा तत्काल केन्द्रीय समितिको बैठक बोलाउन आफुले सभापति शेरबहादुर देउवासँग छलफल गर्ने पनि उनले बताए ।

# पाठ्यपुस्तक बाढीले बगाउँदा ३ हजार विद्यार्थी प्रभावित

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, ८ कात्तिक

इटहरी आइतबारेका १४ वर्षीय सुशन घिमिरे आइतबार विद्यालय जाने समयमा खिन्न देखिन्थे । अभिभावकले स्कुल जा भनेर कराइरहँदा उनी भन्दै थिए 'किताब कापी केहि छैन कसरी जाने ?'

सुशन मात्र होइन् छिमेकी ९ वर्षीय बालक नविन गिरी, सुस्मा दहाल, मनिसा नेपालको पनि समस्या त्यस्तै थियो । गत कात्तिक २ गते परेको अविरल वर्षासँगै स्थानीय खोला र पैनीमा आएको बाढीले इटहरी जलमग्न बनेको थियो भने सयौं घरहरू डुबानमा परेका थिए । डुबानकै क्रममा विद्यालयमा पढ्ने बालबालिकाहरू देखि क्याम्पस पढ्ने विद्यार्थीहरुको कपडा र पाठ्यपुस्तक पनि बगाएको थियो ।

आइतबारेका सुशन स्थानीय कविर माविको कक्षा ६ मा अध्ययन गर्छन् । बाढीले सबै पुस्तक कामै नलाग्ने बनाइदिएपछि अब विद्यालय जाने या नजाने दोधारमा रहेको उनी बताउँछन् । 'जसोतसो विद्यालयले नै अघिल्लो वर्ष पाठ्यपुस्तक दिएपनि यो वर्ष पुनःदिने हो या नदिने केहि थाहा छैन' सुशन भन्छन् ।

सुशन जस्तै अन्यको मनमा पनि यतिबेला यस्तै प्रश्नहरू



उब्जिन थालेको छ । 'विद्यालय जाम त के बोकेर जाम नजाम पढाइ छुट्छ' आइतबारेकी सुस्मा दाहाल बताउँछिन ।

कोरोना कहरका कारण विगत लामो समयदेखि बन्द अवस्थामा रहेको इटहरी उपमहानगरका सामुदायिक तथा निजी विद्यालयहरू आइतबारबाट सुचारू भएपनि पाठ्यपुस्तक अभावले धेरैजसो बालबालिकाहरू विद्यालय जानबाट बञ्चित भएका छन् ।

बाढीका कारण विद्यार्थीको पाठ्यपुस्तक मात्र नभइ इटहरीका एक दर्जन बढी सामुदायिक तथा निजी विद्यालयहरूमा समेत क्षति पुगेको छ ।

बाढीले इटहरीस्थित केचना माविको पर्खाल भत्काएको छ भने मुख्य चौकमै अवस्थित जनता माविमा अझै पनि पानी जमिरहेको पाइएको छ । त्यस्तै नमुना कलेज, जनता कलेज, पाथिभरा टेक्निकल कलेज, राष्ट्रिय जनसहयोग कलेज, पूर्वाञ्चल बोडिङ लगायतका विद्यालयहरूमा बाढीले क्षति पुऱ्याएको इटहरी उपमहानगर अन्तर्गत शिक्षा शाखाले जनाएको छ । बाढीबाट निजी तथा सामुदायिक विद्यालयमा अध्ययनरत करिब ३ हजार विद्यार्थीहरू प्रत्यक्ष प्रभावित बनेको शिक्षा शाखाको अनुमान छ ।

हाललाई क्षति विवरण संकलन गर्ने कार्य भइरहेको कारण विद्यार्थीहरूलाई अवस्था हेरेर पाठ्यपुस्तक प्रदान गरिने उपमहानगर अन्तर्गत शिक्षा शाखाका प्रमुख सूर्य प्रसाद सुवेदीले मध्यान्हलाई बताए । विद्यालयको भौतिक संरचनाहरूमा पुऱ्याएको क्षतिबारे पुरै विवरण आइनसकेकाले के कति ? क्षति भएको हो केहि भन्न नमिल्ने शिक्षा शाखा प्रमुख सुवेदीले बताए ।

# बाढीले भीमदत्तका दर्जन बढी घर बगायो छिमेकीको घरमा आश्रय लिन बाध्य

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, ८ कात्तिक

भीमदत्त नगरपालिका ९ खल्ला श्रीलंका टोलका उत्तम प्रसाद पन्त अहिले छिमेकीको घरमा आश्रय लिएर बसेका छन् । महाकाली नदीको बाढीले पन्तको घरसहित सबै सामान बगाएको छ । अहिले पन्तको घर भएको ठाउँ बगर बनेको छ । 'केही बाँकी राखेन । त्यो नल मात्रै छ । अरु सबै बगर बनाएको छ' पन्तले भने,'सबै बगायो, यो कपडा पनि अर्काको मागेर लगाएको छु ।'

पन्तले छिमेकीको घरमा धेरै दिन बस्न सक्ने अवस्था नरहेको बताए । सरकारले व्यवस्था गरिदिए आफ्नै घरमा फर्किने पन्तको आशा छ ।

'घर बगाएपछि छिमेकी आफन्तको घरमा बसेको छु, त्यहाँ पनि कति बस्ने' उनले भने,'सरकारले छिटो व्यवस्था गरिदिए राम्रो हुन्थ्यो ।'

महाकाली नदीमा एकसाता अघि आएको बेमौसमी बाढीले खल्ला र मुसेट्टीका एक दर्जन घरपरिवार घरवार विहीन भएका छन् । उनीहरुले घरसहित खाद्यान्न, लत्ता कपडा, भाँडाकुँडा र वस्तु सबै गुमाएका छन् । खल्ला श्रीलंका टोलका पन्तसहित गणेश सिंह घटाल, बीरमान मंगोला र मान सिंह महताको घर बाढीले बगाएको छ । अहिले उनीहरुको घर भएको ठाउँमा बगर बनेको छ । महाकाली नदीको भंगोलोमा आएको बाढीले उनीहरुको घर बगाएको छ ।

श्रीलंका टोलका ४५ घर परिवारमध्ये ६ अहिले सरकारी पुनर्स्थापनको आशमा छन् । उनीहरु सबै आफन्तकोमा आश्रय लिएर बसेका छन् । अन्य परिवारले कटान र पटानसहित धानबाली गुमाएका छन् । 'घर बगाएपछि सबैभन्दा बढी पीडामा पर्ने उहाँहरु हो । समस्या त सबैलाई नै छ' स्थानीय प्रेम सिंह रावतले भने,'धानबाली र दाल त सबैको बगाएको छ ।'

रावतले आफ्नो १० कट्ठामा लगाएको धानबालीमा क्षति पुगेको बताए । महाकाली नदीको भंगालोले गगन खोला थुनिएपछि रावतको घर खेतमा पानी पसेको थियो । 'महाकाली नदीमा तटबन्ध नगर्दासम्म बस्ती बच्ने कुरै छैन' उनले भने,'तटबन्ध गर्न सकिएन भने अन्यत्र सार्नुपर्छ ।' खल्ला, टुँडीखेल र मुसेट्टी महाकाली नदी किनारका वस्ती हुन् । टुँडीखेल उच्च स्थानमा भएकाले बाढीबाट जोगिएको छ । खल्ला र मुसेट्टीका स्थानीयले बाढीबाट पीडित भएका छन् ।

मुसेट्टीका ६ घर परिवार बाढीले पीडित भएका छन् । तीमध्ये केहीले बाढीमा घरबार गुमाएका छन् । बाढीमा फसेका मुसेट्टीका



लक्ष्मण सिंह नायकसहित पाँच जनालाई सैनिक हेलिकोप्टरबाट उद्धार गरिएको थियो । बाढीले नायकको घरसहित कुखुरा खोर बगाएको छ । महाकाली नदीको भँगोलो घरमा पसेपछि उनले श्रीमती र दुई छोरालाई रातभरि ढुंगा र रुखमा बसेर ज्यान जोगाएका थिए । अहिले नायकको घर भएको ठाउँ बगर बनेको छ । नदीले बगाएर ल्याएका बालुवा, ढुंगा र काठ थुप्रिएका छन् । 'हाइट हेर्दै, दगुर्दै, पानीमा तैरिँदै गऱ्यौ' शनिबार ३६ वर्षीय नायकले भने,'कम्मरसम्म पानी थियो, २/३ बजेसम्म त आशै थियो, पछि त बाँचिदैन भन्ने कि भन्ने लाग्यो ।' बाढीले उनको घर र कुखुराको खोर बगाएको छ । घर र खोर बगाएपछि नायक परिवार बिचल्लीमा परेको छ । 'केही बाँकी रहेन, ज्यान त भगवानले बचायो' उनले भने ।

बाढीले मुसेट्टमा नायकसहित कृष्ण चन्द, हरिश साउँद, जनक साउँद, अमर सिंह खड्का, जय विष्टको घरमा क्षति पुगेको छ । उनीहरुमध्ये चन्दको घर भत्किएको छ । अन्यको घरभित्र बालुवा थुप्रिएर बस्न सकिने अवस्था नभएको उनीहरु बताउँछन् ।

खड्काकी धर्मपत्नी दिर्घमतिलाई नायकको परिवारसँगै उद्धार गरिएको थियो । गाई गोठमा बसेकी खड्का पनि बाढीमा फसेकी थिइन् । बाढीले उनको एउटा गोठ बगाएको छ । घरभित्र भने बालुवा थुप्रिएको छ । उनी घरभित्रको बालुवा बाहिर फाल्न थालेकी छन् ।

'सबैको माया आर्शिवादले बाँचे । घरको हालत त यस्तो बनाएको छ' ६६ वर्षीया खड्काले भनिन्,'भगवानले बचायो, बाँचिनु नै लेखिएको रहेछ ।' मुसेट्टीका अर्का पीडित चन्दले बाढीले शरिरमा लगाएको कपडा बाहेक अरु केही नबचेको बताए । 'यो लाएको जति कपडा छन्, त्यति मात्रै बचेको हो, घर भत्कायो, अरु सबै बाढीले बगायो' उनले भने ।

बिरामी परेका छिमेकीको घरमा गएकाले आफूले जोगिएको चन्दले बताए । 'एक जना छिमेकमा बिरामी थिए । म त्यता गएकाले जोगिए । नत्र घरभित्रै मर्थे' उनले भने । घरका अन्य सदस्य भने दशैं मनाउन बैतडी पुर्ख्यौली घर गएका थिए । उनीहरु अहिलेसम्म फर्किएका छैनन् । बाढीले चन्दको १५ कट्ठामा लगाएको धानबाली नष्ट गरेको छ । बैतडीको मेलौलीबाट आएका उनले केही महिनापछि घर परिवारको खर्च चलाउन बाख्रा पालन गर्ने सोच बनाएका थिए ।

मुसेट्टीकी बिमला बमले बाढी आएपछि छिमेकीले आफूहरुलाई ब्युझाएको बताइन् । 'बाढी आइ सकेको रहेछ । हामी त सुतेको थियौ, छिमेकी आएर ब्युझाए' उनले भनिन्,' नत थाहा नै हुँदैन्थ्यो ।' बाढीले बगाएर ल्याएको बालुवा बमको गोठभित्र थुप्रिएको छ । घरको तीन फिटसम्म पुगेको बाढीले केही काठका मुडा पनि घरसम्म पुगाएको छ । बमको घर अगाडिको जमिन बगर बनेको छ । बाढीले खोलाजस्तै बनाएको खेतमा अझैसम्म पानी छ ।

'गोठमा बालुवा छ । जमिन केही राखेन । नागरिकता पनि बगायो' उनले भनिन्,'अब राज्यले हाम्रो व्यवस्था गर्नुपर्छ, त्यसको आशमा छौं ।'

मुसेट्टीमा मध्यराति १२ बजे बाढी वस्तीमा पसेको थियो । यसअघि २०७० मा बाढीले वस्तीमा क्षति पुगाएको थियो । बाढीले सरस्वती आधारभूत विद्यालय बगाएको थियो । विद्यालय बगाएको ठाउँ नजिक नायकसहित पाँच जना बाढीमा फसेका थिए । मुसेट्टीमा पाँच दर्जन घर परिवार बसोबास गर्दै आएका छन् । महाकाली नदी किनारमा खल्ला, टुँडिखेल र मुसेट्टीमा झण्डै पाँच सय घर परिवार बस्दै आएको भीमदत्त नगरपालिका ९ का अध्यक्ष राम नाथले बताए ।

अध्यक्ष नाथले बाढीबाट स्थानीयले घरबारसहित अन्न, खेतको धानबाली, पशु चौपाया गुमाएको बताए । 'केही बाँकी राखेको छैन, बाटोघाटो, बिजुली बत्ती, टावर सबै गएको छ' उनले भने,'घर नभएर अर्काको घरमा बस्नुपर्ने अवस्था छ, खानलाई अन्न पनि छैन ।'

### सांसद र मेयर पुगे बस्तीमा

कञ्चनपुर क्षेत्र नं. ३ का सांसद डा.दिपक प्रकाश भट्ट, अर्का सांसद निरुदेवी पाल र भीमदत्त नगरपालिकाका मेयर सुरेन्द्र विष्टले शनिबार खल्ला र मुसेट्टी पुगेर क्षतिको स्थलगत निरीक्षण गरेका छन् । उनीहरुले मुसेट्टीमा घरबार विहीन भएका सबै परिवारलाई भेट गरेका छन् । सैनिक हेलिकोप्टरबाट उद्धार गरिएका नायकसहितलाई भेटेका छन् । नायकलाई उद्धार गरिएको स्थानमा भेट गरिएको छ । बाढीले क्षति पुऱ्याएको धानबालीको खेतमा पुगेर निरीक्षण गरिएको छ ।

यसैगरी खल्लामा घर बगाएका स्थानीयलाई भेटेर क्षतिको निरीक्षण गरेका छन् । उनीहरुले निरीक्षणका क्रममा स्थानीयसँग क्षतिबारे जानकारी समेत लिएका छन् । भीमदत्त नगरपालिकाका मेयर विष्टले बाढीबाट पीडित बासिन्दाको व्यवस्थाका लागि पहल गरिने बताए । 'यो विपत्ति हो, सबैभन्दा पहिलो त मुसेट्टीमा पाँच जनालाई जोगाउनु थियो, त्यसमा लाग्यौ, त्यसपछि राहत कार्यक्रमलाई दिनुपर्ने हुन्छ, त्यस अनुसार जान्छौँ' उनले भने,'त्यसपछि के भने यी बस्तीलाई सुरक्षित बनाउनुपर्ने आवश्यकता छ, त्यसका लागि नदी नियन्त्रणको योजना चाहिन्छ, त्यसका लागि संघ र प्रदेश सरकारसँत पहल गर्छौ ।'

# धानबालीमा भएको क्षतिबारे अध्ययन गर्न कार्यदल गठन

**काठमाडौं/मस**–सरकारले बेमौसमी वर्षाका कारण आएको बाढी तथा डुबानबाट धानबालीमा भएको क्षतिको अध्ययन गर्न कार्यदल गठन गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले गृह मन्त्रालयको सचिवको संयोजकत्वमा कार्यदल गठन गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिए ।

कार्यदलमा कृषि तथा पशुपक्षी विकास, अर्थ, उद्योग, वाणिज्य तथा आपूर्ति, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव र राष्ट्रिय योजना आयोगका सचिव सदस्य रहेका छन् । कार्यदललाई तीन दिनभित्र प्रतिवेदन पेश गर्न कार्यादेश दिइएको छ । बैठकले नेपाल वायु सेवा निगमका अध्यक्ष सुशील घिमिरेले दिएको राजीनामा स्वीकृत गरेको छ । बैठकले निगमको कार्यकारी अध्यक्षमा युवराज अधिकारीलाई नियुक्त गर्ने निर्णय गरेको छ ।

सरकारले नेपाल पुनरबीमा कम्पनी लिमिटेडको सञ्चालक समितिको अध्यक्षमा डा.रवीन्द्र घिमिरे र सदस्यमा मदन पोखरेललाई नियुक्त गर्ने निर्णय गरेको प्रवक्ता कार्कीले जानकारी दिए ।

बैठकले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको रासन दररेटमा १५ प्रतिशतले वृद्धि गरेको छ । बैठकले कोडिभ-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८ स्वीकृत गरेको छ ।

# लागूऔषधसहित पक्राउ

धनुषा/मस-धनुषाको धनौजी गाउँपालिका ४ भडरियास्थित सीमा इलाकाबाट सशस्त्र प्रहरीले नाइट्रोभेट ट्याब्लेटसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सोही जिल्लाको उपनगरपालिका २५ बस्ने २४ वर्षीय महोमद नाफिर रहेका छन् ।

सशस्त्र प्रहरी बल नेपाल बोडर आउट पोष्ट ठाडिझीजाबाट खटिएको सशस्त्र प्रहरीले उनलाई शंका लागि चेकजाँच गर्दा नाईट्रोभेट ट्याब्लेट ४ सय ५० वटा फेला पारेपछि पक्राउ गरिएको हो । पक्राउ परेका नाफिरलाई बरामद लागूऔषधसहित आवश्यक कारवाहीको लागि नेपाल प्रहरीलाई बुझाइएको छ ।

यसैबीच पर्साको ठोरी गाउँपालिका ५ स्थित ठूलो बाघमोर्चाबाटसशस्त्र प्रहरीले करिब ४० के.जी.गाँजा बरामद गरेको छ । नेपालबाट भारततर्फ लैजादै गरेको उक्त गाँजा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट सुवर्णपुरबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो ।

यस्तै इलामको सुर्योदय नगरपालिका २ स्थित चारभाईले भन्ने स्थानबाट सशस्त्र प्रहरीले करीव २ लाख १ हजार रुपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा बरामद गरेको छ ।

भारतबाट अबैध रुपले ल्याउँदै गरेको उक्त लत्ताकपडा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट पशुपति नगरबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो ।

यसैगरी कन्चनपुरको शुक्लाफाट नगरपालिका १२ स्थित सीमा इलाकाबाटसशस्त्र प्रहरीले करीव १ लाख ११ हजार रुपैयाँ बराबरको भाँडावर्तन तथा किराना सामान बरामद गरेको छ ।


## कुवेतमा रोजगारको अवसर

कम्पनीः JOOD GOURMET RESTAURANT & CATERING COMPANY
शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०७/०७ चलानी नं.: ६०१६६१७३ LT. No.: 249031

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook (Grilled Section) | 1 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ५५,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook (Hot Kitchen) | 2 | 0 | | 140 | ५५,५०८ | | | | | | | |
| 3. | Waiter | 1 | 0 | | 140 | ५५,५०८ | | | | | | | |
| 4. | Stewards/cleaner | 3 | 0 | | 120 | ४७,५७८ | | | | | | | |
| 5. | Service Crew | 1 | 0 | | 120 | ४७,५७८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कात्तिक १६ गते (2 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Confident International Manpower Pvt. Ltd.
Govt. Lic. No. 1423/074/075
Address: Sinamangal- 09, Kathmandu | Tel: 4112748
E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com

## कतारमा रोजगार

कम्पनीः AL HARBI TRADING AND CONTRACTING CO.
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७७/१२/२२ चलानी नं.: ६०१५६७४३ L.T. No.: 237607 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electric | 1 | 0 | | 1200 | ३९,३९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा कार्तिक १६ गते (2 Nov. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

RADIANT OVERSEAS P. LTD.
Sinamangal - 9, Om Nagar, Kathmandu., Tel.: 01- 4111270
Mob.: 9841781774 , Email: radiant.overseasktm@gmail.com
Govt Lic. No. 1016/068/069

## सम्पादकीय

# प्रन्याबाट सिक्नुपर्ने पाठ

सर्वोच्च अदालतकै न्यायाधीशहरूको 'विद्रोह' पछि प्रधानन्यायाधीश चोलेन्द्र समशेर जबरा संकटमा परेका छन् । एकपछि अर्को गर्दै विवादास्पद निर्णयको साथमा राजनीतिक पार्टीहरूसँग बार्गेनिङ गर्दै समानान्तर सरकार सञ्चालन गरिरहेको आरोप लागेपछि राणा संकटमा परेका छन् । यो समस्याबाट प्रन्या जबरा कसरी उम्केलान् ? र, यो प्रकरणबाट समग्र रूपमा नेपालको न्याय-प्रशासनमा कस्तो असर पार्ला ? त्यो भविश्यमा देखिदैं जानेछ । निश्चय पनि यो प्रकरणमा प्रधानन्यायाधीश जबरामाथि प्रश्न उठेको छ । तर, आवरणमा जबरा भएपनि त्यसको पर्दा पछाडि भने उनलाई नियुक्तिको सिफारिस गर्ने मन्त्रिपरीषद् मात्रै होइन, न्याय परिषद् र सुनुवाईको 'नाटक' गर्ने संसदीय समिति पनि उत्तिकै जवाफदेही हुनुपर्छ ।

किनकी राणाको 'ट्र्याक रेकर्ड' प्रधानन्यायाधीश भएपछि मात्रै बिग्रिएको होइन । पहिलेदेखि नै विवादास्पद छविका जबराले प्रधानन्यायाधीश अगाडि हुनुअघि नै गरेका दर्जनौ 'रहस्यमयी' फैसलाले उनको कार्यशैली छर्लंग पारिसकेको थियो । तर, त्यस्ता व्यक्तिलाई न्याय परिषद् र संसदीय सुनुवाई समितिले कुनै छानविन नै नगरी सर्वसम्मत रूपमा सिफारिस गर्नु र त्यसैमा टेकेर मन्त्रिपरीषद्मार्फत राष्ट्रपतिबाट नियुक्ति गरिनु आफैमा दूर्भाग्यपूर्ण थियो । त्यतिबेलै राणामाथि 'क्रस चेक' गर्न सकेको भए अहिलेको नियति भोग्नु पर्ने थिएन ।

तर, नेपालका राजनीतिक पार्टीका नेताहरू, उच्च पदस्त अधिकारीहरू सानो स्वार्थमा अल्झिएर विवादास्पद व्यक्तिलाई नियुक्ति गर्ने र पछि पछुताउने गरेका छन् । लोकमानसिंह कार्कीदेखि गजेन्द्र हमालसम्मका विवादास्पद नियुक्ति प्रकरण हेर्ने हो भने त्यो कुरा स्पष्ट हुन्छ । तर, अझै पनि राजनीतिक पार्टीका नेताहरूले पाठ सिकेको देखिदैन । बरू उनीहरू विभिन्न तहका विवादास्पद व्यक्तिहरूलाई पार्टीमा भित्र्याउने वा आफ्नो पार्टी नजिक बनाउदै लाभका पदहरूमा नियुक्ति दिलाउने अभियानमा लागि रहेका छन् । यस्तो प्रवृत्ति रहेसम्म एक जना प्रन्या जबराको बहिगर्मन भए पनि न्याय-प्रशासनका समस्याहरू समाधान हुने छैनन् । यदि साँच्चै समस्या समाधान गर्ने हो भने कुनै पनि संवैधानिक लगायतका उच्च पदहरूमा नियुक्ति दिनु अगाडि सम्बन्धित व्यक्तिको 'ट्र्याक रेकर्ड'लाई राम्रोसँग केलाएर, राजनीतिक पार्टीको आबद्धता होइन कि निर्णय र कार्यान्वयन क्षमता हेरेर नियुक्ति दिने परम्पराको शुरूवात गरिनुपर्छ ।

## सामाजिक सञ्जाल



नेपालमा विदेशीले औपचारिक रूपमा अन्त्य गर्न खोजेको संस्था अब दुई वटा मात्रै बाँकी छन् । ती हुन् नेपाली सेना र अदालत । यी दुवै अन्त्य गर्ने नाटकको पटाक्षेप अहिले हुँदैछ । पहिल्यैदेखि हामीले भन्दै आएको मान्छेले पत्याएका थिएनन् । बिस्तारै खुल्दै जाने छ ।

**- स्वागत नेपाल**



'प्रधानन्यायाधीश' जस्तो सम्मानित, गरिमामय, माननीय, श्रीमानको राजीनामा यसरी मागिरहेका छन्, आमजनले मानौं यो पद एउटा खेलौना हो, रूमाल लुकाइ हो ! यति मजाक र हास्य चरित्र बने बनाए, अनुहार त हेर्दा हुन नि ऐनामा !

**- निर्मल प्रसाईं**




बर्मा र सुडान दुबैमा सेनाले शासन सत्ता लिँदाको पूर्व तयारी उस्तै । पहिले नागरिक सरकारका विरोधमा आफ्ना पक्षका मान्छेलाई सडकमा उतार्ने । सडकमा दैनिकको जुलुश र कतिपय अवस्थामा झडपको स्थिति ल्याएर नागरिकलाई दिक्क बनाउने । नागरिक सरकारमाथिको आरोप उही, भ्रष्टचार र देशको अर्थतन्त्र बिगारे ।

**- दिपक भट्टराई**



रोहिङ्गा भन्नेहरू जादुमय ढंगले नेपाल छिरे । भारतले घचेड्दा सरकार आँखा चिम्लेर बस्यो । भलै उनीहरूको गतिविधि गुजारामै सीमित देखिन्छ तर, आत्मघातलाई पनि खेलाची ठान्ने अफगानीहरू भटाभट नेपाल छिर्दैछन् भन्ने खबरलाई अनदेखा गर्ने सरकार अझसम्म चुँ नबोल्नुका पछाडीको तस्बिर के होला ?

**- गोविन्दकुमार थापा**



कुनै पनि देशबाट भागेर आएका शरणार्थीलाई, सरकार र गृह प्रशासनलाई थाहै नदिई नेपालस्थित शरणार्थीसम्बन्धी उच्च आयोगको कार्यालयलाई अस्थायी बसोबासको अनुमति र प्रमाणपत्र दिने अधिकार छ ? कि छैन ? छ भने किन छ ? छैन भने किन दिईरहेको छ ?

**- प्रेम मगर**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# पशुचिकित्सा र मानवीय समाज

*यस शताब्दीको आरम्भमा गम्भीर तीब्र गति संक्रमण प्रशारण रोगहरु अर्थात् सार्स, एभीएन इन्फ्लुएन्जा, एच ५एन र अन्य मानिसहरुमा उत्पादित अन्य पशुजन्य महामारीहरुले मानिहरुमा एवं संग्राहक पशुहरुमा महमारीको रोग कारकको सम्बन्ध तर्फ ध्यान आकर्षित गरेको छ ।*



● डा. केदार कार्की

के पशुचिकित्सक रहित विश्वको कल्पना गर्न सकिन्छ ? पहिलो एडवार्ड जेनरले एउटा बिफरबाट ग्रसित बच्चालाई गाइको विफरको विषाणुहरु लगाएका थिए । जसका कारण मानिसरु एवं पशुहरुमा टिकाकरण (खोप लगाउने) शुरु भयो । यस प्रकार रोगहरुको रोकथाम एवं नियन्त्रणको अतुलनीय खोज पनि पशुचिकित्सकहरुले गरेका हुन् । विश्व स्वास्थ्य संगठनका अनुसार मानिसहरुमा लगभग १७ प्रतिशत संक्रामक रोग बाहकहरुबाट फैलिन्छन् । अतः पशुचिकित्सक.रहित विश्वको कल्पना नै गर्न सकिन्न ।

विश्व स्वास्थ्य संगठनका अनुसार धेरैजसो सुचनीय खाद्य जनित रोग पशुजन्य संक्रामक रोगजनकहरुबाट सदुपित भएको खाद्यपदार्थहरुको माध्यमबाट फैलिने गर्दछन् । यस प्रकारका प्रकोपको जाँचमा पशुचिकित्सा सेवाहरु महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । चिनियाँ वैज्ञानिक एकेडेमीका अनुसार खाद्य आहार जनित पशुजन्य रोगहरुसँग लड्नका लागि कारगर निगरानी प्रणाली जोखिम मुल्यांकन एवम् उचित प्रबन्धन प्रणालीको स्थापना गरिनुपर्दछ । यसको अतिरिक्त प्रभावी रोकथाम र नियन्त्रण रणनीतिहरु विकसित गर्नका लागि जनस्वास्थ्यकर्मीहरु, पशुचिकित्साकमीहरु तथा खाद्य सुरक्षा विशेषज्ञहरु बीच रचनात्मक वार्ता एवम् सहयोग आवश्यक हुन्छ ।

राम्रो पशु कल्याण, राम्रो खाद्य सुरक्षाको प्रतिक मानिन्छ । सार्वजनिक जनस्वास्य पशुस्वास्थ्य तथा पशुकल्याण वास्तवमा एक अर्कासँग जोडिएका छन् । उदाहण स्वरुप तनावग्रस्त पशुहरुमा रोगहरुबाट संक्रमित हुने अधिक सम्भावना रहन्छ । जसका लागि पशुचिकित्सा उपचारको आवश्यकता पर्दछ । कुनै पनि प्रकारको तनाव पशुजन्य उत्पादनहरुमा अवशेषहरुको उपस्थितिमा बृद्धि गराउँछ, जुन जनस्वास्थ्यलाई प्रभावित गर्न सहायक मानिन्छ । यस प्रकारले हेरियो भने यो उदाहरण पशुकल्याण, पशुस्वास्थ्य र सार्वजनिक जनस्वास्थ्यको बीचको सम्बन्धमाथि प्रकाश पार्दछ ।

पशुपालकहरुको जिम्मेवारी छ कि तिनका पशुजन्य उत्पादनहरु झारपात नाशकहरु, किरा फट्याङ्ग्रानाशकहरु तथा पशुचिकित्सा औषधिबाट अवेशषमुक्त होस् । यसका साथै तिनले यो सुनिश्चित गर्नुपर्छ कि पशुस्वास्थ्य, पशुकल्याण या पशुजन्य संक्रामक रोगहरुसँग जोडिएको जोखिमलाई मात्र विशेषरुपले तयार गरिएको पशुस्वास्थ्य योजनाको अन्तर्गत नै यी योजनाहरुलाई तयार गरी उपभोक्ताहरुलाई आश्वस्त गर्न सक्दछन् । यसमा कुनै सन्देह छैन कि पशुहरु एवं मानिसहरुमा रोगाणुरोधी औषधिहरुको प्रयोग हुन्छ तर हामीले पशुहरु एवं मानवीय कल्याणलाई पनि विर्सन हुन्न । यसैले पशुहरुमा रोगाणुरोधी औषधीहरुको उपयोग सिमित गर्नका लागि पशुचिकित्सकहरु सक्रिय रुपबाट विभिन्न प्रकारका यो सुनिश्चित गर्न सकियोस् कि पशुपालका विभिन्न मोडेलहरुलाई राम्रो पशुकल्याणको सुनिश्चितताको लागि अनुकुलित गर्न सकियोस् ।

